# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०९ संख्या:१४ मिति:२०८३/०३/०९

भाग १

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका २०८० (पहिलो संसोधन २०८३)

कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०३/०८

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्रभित्र पशुजन्य उत्पादन वृद्धि गरी गुणस्तरीय दुध उत्पादक कृषि व्यावसायलाई दिगो रूपमा अगाडि बढाउनका लागी सहकारी संस्था मार्फत दुध बिक्री गर्ने सदस्य कृषकहरूलाई उत्पादनको परिमाणमा आधारित रही प्रोत्साहन स्वरूप अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले बन्दिपुर गाउँपालिका प्रशासकिय कार्यविधि (नियमित गर्ने) एन २०७५ को दफा ४ र कृषि व्यावसाय प्रवर्द्धन तथा नियमन कार्यविधि २०७७ को दफा १४ (२) ले दिएको अधिकार प्रयोग गरी बन्दिपुर गाउँपालिका कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो **निर्देशिकाको** नाम दुध उत्पादन र बजारिकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका २०८० (पहिलो संसोधन २०८३) रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाबाट पारित भई प्रमाणिकरण भएको मिति देखि लागु हुनेछ ।

**२. परिपाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) अनुदान भन्नाले कृषकलाई कृषि व्यावसाय गरे बापत संघ ,प्रदेश गाउँपालिका वा अन्य निकायबाट प्रदान नगद वा जिन्सी सामान सम्झनुपर्छ ।

(ख) दुध भन्नाले गाउँपालिकका भित्रका कृषकहरूले उत्पादन गर्ने गाई भैसीको दुध सम्झुपर्छ ।

(ग) गाउँपालिका भन्नाले बन्दिपुर गाउँपालिका सम्झनुपर्छ ।

(घ) गाउँ सभा भन्नाले बन्दिपुर गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ ।

(ङ) निर्देशिका भन्नाले बन्दिपुर गाउँपालिका दुध उत्पादन र बजारिकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका २०८० सम्झनुपर्छ ।

(च) प्रमुख प्रशासिकय अधिकृत भन्नाले बन्दिपुर गाउँपालिकाकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

(छ) बोर्ड सदस्य भन्नाले बन्दिपुर गाउँपालिकाको बोर्ड सदस्य सम्झनुपर्छ ।

(ज) कृषक भन्नाले बन्दिपुर गाउँपालिका भित्र स्थाई वसोवास गर्ने स्थानिय कृषक सम्झनु पर्दछ ।

**३. उद्देश्य :**

(क) अनुदान वितरण नितिलाई प्रकृयामूखीबाट परिमाणममूखी तर्फ लैजाने ।

(ख) दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यावसायलाई प्रतिष्ठत एंव दिगो व्यावसाय बढाउन प्रोत्साहन गर्ने ।

(ग) अनुदान वितरण नितिलाई प्रकृयामूखीबाट परिमाणमूखी तर्फ लैजाने ।

(घ) दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यावसायलाई प्रतिष्ठित एवं दिगो व्यावसाय बनाउन प्रोत्साहन गर्ने ।

(ङ) अनुदानको सहि , दक्ष र प्रभावकारी रूपमा वितरण उपयोग र सदुपयोग गर्ने ।

(च) साना कृषकहरूको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने।

(छ) गाउँपालिकाको प्रतिवद्धता अनुरूप दुधमा आत्म निर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

(ज) दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने ।

**४. कार्य संचालन प्रकृया :**

१. गाउँपालिकाले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहिने दुध उत्पादक सहकारी संस्थाहरूका लागि अनुसूचि १ बमोजिम प्रस्ताव निवेदन गर्नेछ ।

२. यस कार्यक्रममा सम्मिलित हुन उपदफा (३) वमोजिम मापदण्ड पुरा गरेका इच्छुक सहकारीले तोकिएको म्याद भित्र अनुसूचि (२) वमोजिको निवेदन गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखामा दिनु पर्नेछ ।

३. सहकारी मापदण्ड देहाये बमोजिम हुनेछ ।

क) दैनिक कम्तिमा २०० लिटर र वार्षिक कम्तिमा २०० दिन सम्म दुधको कारोवार गर्ने गरेको ।

ख) दैनिक संक्कलित दुध, दुग्ध उत्पादक सहकारी सस्था आफैले प्रशोधन गरि वा उधोगलाई विक्री गरि दुध तथा दुग्ध जन्य पद्धार्थको वेच विखनको प्रवन्ध गरेको ।

ग) नियमित रुपमा साधारण सभा र लेखा परीक्षण गर्ने गरेको ।

घ) स्थायी लेखा नम्बर प्राप्त गरेको ।

ङ) सम्बन्धित वडाको सिफारिस संलग्न गरेको ।

च) नयाँ आवेदक सहकारीको हकमा गतवर्षमा दुधको कारोबार गरेको अभिलेख पेश गर्नुपर्ने र गतवर्षमा अनुदान प्राप्त गरेको सहकारीहरुको हकमा अनुदान प्राप्त गर्दाको बखत पेश गरेको पछिल्लो उत्पादनमा कम्तीमा १० प्रतिशत थप दुधको कारोबार गरेको हुनुपर्ने र सोको अभिलेख पेश गर्नुपर्ने ।

छ) सहकारीमा आवद्ध सबै कृषकहरुले पशु बिमा गरेको हुनु पर्नेछ । (झ) सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्बन गरेको हुनु पर्नेछ ।

ज) सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनत्तम मापदण्ड भित्र परेको हुनु पर्नेछ ।

झ) सम्बन्धित सहकारीले आफूमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्ने । प्राप्त अनुदान रकमको ५ प्रतिशत कार्य सञ्चालन स्वरुप सहकारीमा राखी बाँकी ९५ प्रतिशत सम्बन्धित कृषकलाई वितरण गर्नुपर्दछ ।

ञ) सहकारी संस्थाहरुले संस्थागत रुपमा दुध बिक्री गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

ं

४. मूल्याङ्कन समितिले उपदफा (३) अनुसार गाउँपालिकामा प्राप्त भएका निवेदन मध्ये न्यूनतम मापदण्ड पुरा गरेको संस्थालाई प्रथम चरणमा छनौट गरी प्राथमिकतामा राखी गाउँपालिका समक्ष सिफारिस गर्नेछ ।

सहकारी संस्थाका आवेदन र प्रस्ताव उपर छानविन तथा मूल्याङ्कन गर्नको लागि तपसिल अनुसारको मूल्याङ्कन समिति रहनेछः

क) संयोजक -कार्यपालिका सदस्यहरु मध्ये गाउँपालिका अध्यक्षले मनोनयन गरेको व्यक्ति
ख) सदस्य —आर्थिक प्रशासन शाखा प्रमुख
ग) सदस्य -कृषि, पशुपन्छी तथा सहकारी विकास सम्बन्धी ज्ञान भएको गाउ सभा सदस्य मध्येबाट १ जना गाउँपालिकाका अध्यक्षले तोकेको व्याक्ति
घ) सदस्य — कृषि विकास शाखा प्रमुख
ङ) सदस्य प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख
च) सदस्य सचिव —पशुन्छी तथा मत्स्य विकास शाखा शाखा प्रमुख

५. उपदफा ५ अनुसारको मूल्याङ्कन समितिले पर्न आएका निवेदनहरुको अनुसूची ३ अनुसारको आधारमा मूल्याङ्कन गरी अनुदान उपलब्ध गराउन गाउँपालिकामा सिफारिस पेश गर्नेछ ।
६. अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थासँग गाउँपालिकाले अनुसूची ४ बमोजिम सम्झौता गर्नेछ ।
७. सम्झौता पछि छनौट भएका सहकारीहरुलाई विनियोजित बजेटको परिधी भित्र रही वार्षिक रुपमा सहकारीको बैंक खातामा गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउने छ ।
८. सहकारीले आफूमा आवद्ध मापदण्ड पुरा गरेका कृषकहरुलाई मापदण्ड बमोजिम अनुदान रकम सम्बन्धित कृषकको बैंक / वित्तीय संस्थामा रहेको खातामा जम्मा गरेको प्रमाण सहितको पूर्ण विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**५.दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनः**

१. मूल्याङ्कन समितिबाट सिफारिस भई आएका सहकारीहरुको गाउ कार्यपालिकाद्वारा अन्तिम छनौट गरी प्रति लिटर दुई रुपैयाँ दरले अनुदान रकम उपलब्ध गराउने छ । यसरी उपलब्ध गराउने अनुदान रकम गाउँ सभाले तोके अनुसार हुनेछ ।
२. कार्यक्रमको अनुगमन एवं प्रभावकारिता अध्ययन र प्रतिवेदन कार्यक्रमको कार्यान्वयन अनुसूची ५ बमोजिम गराउनुपर्नेछ ।

**६.आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परीक्षण तथा आर्थिक कारोबार गर्दा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको आर्थिक ऐन नियम अनुसार हुनेछ ।

**७.अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन बन्दिपुर गाउपालिका अनुगमन समितिले गर्नेछ र सोको मासिक प्रतिवेदन र प्रगति तयार गर्नेछ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धिहरु तयार गर्नेछ ।

**८.थपघट वा हेरफेर गर्न सक्नेः**

१. यो निर्देशिकाको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस निर्देशिकामा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि भनेर गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

३. यो निर्देशिका कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँपालिकाले गर्न सक्नेछ ।

अनुसूची १

(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

**दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हान**

बन्दीपुर गाउँपालिकाको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफु मातहतका दुध उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक दुध उत्पादक सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूची २ अनुसारको निवेदन गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखामा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

अनुसूची २

(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

दुग्ध उत्पादक सहकारी संस्थाले दिने आवेदन पत्रको ढाँचा

,

मितिः.............................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
बन्दिपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
बन्दिपुर, तनहुँ ।

**विषयः दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा मिति......................... मा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादक सहकारी संस्था लि.ले उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपसिल

१. कूल सदस्य संख्याः

२. गत वर्ष दुध संक्कलन लि.(औषत दैनिक.......लि. मासिक.........लि र वार्षिक.............लि.

३. गतवर्ष कुल अधिकतम दुध संकलनः.............. महिना ...........लि

४. गतवर्ष कुल न्यूनत्तम दुध संकलनः................. महिना ...........लि

५. संस्थाबाट संकलित दुध बिक्री गरिने संस्था / संस्थान आदिको नाम र ठेगानाः

क) ..........................................

ख) ..............................................

६. मिल्क एनालाइजरको प्रयोग भएको(.....) नभएको (.......)

७. वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण

८. जम्मा संकलन केन्द्र संख्याः.......

९. रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको (......) नभएकोः(......)

१०. दुधको गुणस्तर परीक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने गरेको(......) नगरेकोः(......)

११.आफ्नो चिलिङ सेन्टर भएको(......)नभएकोः (......)

१२.दुध विविधीकरण र विक्री वितरण गरेको(......) नगरेकोः (......)

क) गरेको भए कुन/कुन पदार्थ बनाउने गरिन्छ................... दैनिक औषत परिमाण...............

ख) बिक्री गर्ने बजार / स्थल ............................................................................

१३. सहकारी दर्ता/नवीकरणको प्रमाणपत्र

१४. कुनै प्रकारको कारवाहीमा नपरेको बारेको स्वघोषणा ..........................................

१५. कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड..................................................

१६. कर चुक्ता प्रमाणपत्र

१७. गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि दैनिक औषत परिमाण ........

अनुसूचि ३

(दफा) ५ को उपदफा ६ संग सम्बन्धित)

<u>कार्यक्रम संचालनका लागि संस्था संस्थाको छनौट गर्दा अपनाइने मूल्ययङ्कनका आधारहरू</u>

| क्र.स | द.न | आवेदक संस्थाको नाम | ठेगाना | मिल्क एनालाइजर को प्रयोग (२५) | दुध उत्पादक कृषक सदस्य संख्या (२५) | दैनिक दुध संङ्कलन र प्रशोधन गरेको परिमाण लिटर (२५) | सरसफाई अभिलेख व्यावस्थापन (२५) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

- ५० सम्म सदस्या संख्या हुने संस्थालाई २० र ५० भन्दा बढी सदस्य संख्या हुने संस्थालाई २५ अङ्क दिनु पर्नेछ ।
- दैनिक कम्तिमा २०० लिटर देखि ५०० लिटरसम्म दुध सङ्कलन गर्ने सहकारी लाई २० अङ्क र ५०० लिटर देखि माथि दुध सङ्कलन गर्ने सहकारी संस्थालाई २५ अङ्क दिनपर्नेछ ।

मूल्याङ्कन समितिका पदाधिकारीहरूको

| क्र.स | नाम थर | कार्यालय / ठेगाना | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

अनुसूची ४
(दफा ५ को उपदफा ७ सँग सम्बन्धित)

बन्दिपुर गाउँपालिका र दुग्ध उत्पादक सहकारी संस्था बिच हुने सम्झौताको ढाँचा

बन्दिपुर गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने) र दुध उत्पादक सहकारी संस्था........................ दुग्ध उत्पादक सहकारी संस्था लि. (यसपछि दोश्रो पक्ष भनिने) बिच दुध उत्पादन र र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

तपिसल

१. दोश्रो पक्षलाई पहिलो पक्षले बैंक खातामा प्रत्येक चौमासिक अवधिमा एक पटकका दरले वर्षमा ३ पटक अथवा वार्षिक रूपमा १ पटक स्वीकृत भए अनुसारको अनुदान रकम जम्मा गरिदिने छ ।
२. दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको औषधी उपचार गरिरहेको अवस्थाको अखाद्य दुध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सुरक्षाको व्यवस्था मिलाउने, राम्रो तोकिए अनुसारको सफा दुधको उत्पादन, ढुवानी लगायतका गुणस्तर, फ्याट, एस.एन.एफ. र अन्य मापदण्ड पुरा गर्न लगाउने, सुधारिएको गोठको व्यवस्था मिलाउने लगायतका कार्यहरु गराउनु पर्नेछ ।
३. दोश्रो पक्षले उत्पादन स्थलदेखि आफूले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ र गुणस्तरयुक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नुपर्नेछ ।
४. दोश्रो पक्षले आफूमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नुपर्नेछ ।
५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असुल उपर गर्न सक्नेछ ।
६. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ । उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भईयो सम्झौतामा दस्तखत गर्दछौं ।

| | |
|---|---|
| दोश्रो पंक्ष | प्रथम पंक्ष |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | संस्थाः |
| छापः | छापः |
| मितिः | मितिः |

| | |
|---|---|
| रोहवर | रोहवर |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

इति सम्बत................ साल...............महिना........गते रोज........... शुभम् ।

**अनुसूचि ५**

**(दफा ६ संग सम्बन्धित )**

**<u>आधारभूत सर्भेक्षणका लागी नमुना फारम</u>**

अनुदानग्राहीको नाम, ठेगानाः

परिवार संख्या :

**पशु तथा उत्पादन विवरण**

| विवरण | गाई | | भैसी | |
|---|---|---|---|---|
| | उन्नत | स्थानिय | उन्नत | स्थानिय |
| संख्या | | | | |
| कुल दुध उत्पादन लि. दैनिक | | | | |
| कुल दुध विक्री लि. दैनिक | | | | |
| विक्री हुने दिन संख्या | | | | |
| औसत फ्याट प्रतिशत | | | | |
| औसत SNF % | | | | |
| औसत मूल्य प्रति लिटर | | | | |

गोठको अवस्था

जमिनको कठ्ठा वा रोपनीमा

घास लगाएको क्षेत्रफल ..........घाँसको किसिम ..........परिमाण

सिचाइको अवास्था................

स्वास्थ्य सम्बन्धी मुख्य समस्याहरू...................................

पशुधनको क्षति ............................................

खोपको प्रयोग भएको भए कुन खोप....................... कहिले...................

परजिवि बिरूद्धको औषधी....................... के .................... कहिले.............

पशु बिमाको विवरण............................

क्षतिपूति लिएको भए विवरण.................................

गाई भैसी फार्ममा भएको लाभ लागत विवरण......................

खर्च

पशु खरिद

गोठ तथा औजार

आहारा

ज्यामी

दुधको बजारीकरण

अन्य

**आम्दानीः**

-दुध बिकी

-बाच्छाबाच्छी, पाडापाडी बिकी -मल बिकी

-अन्य

**प्रति लिटर दुध उत्पादन लागत**

सबभन्दा बढी दुध बिकी गरिने महिनाहरु

सबभन्दा कम दुध बिक्री हुने महिनाहरु

**अनुदान सम्बन्धी**

प्राप्त गरेको भए के ........... कति .............. कहाँबाट ................ अनुदान लगानी भएको विवरण .......

-अनुदान सम्बन्धी धारणा.............. लगानीमा दिइने अनुदान र उत्पादनमा दिइने अनुदान बारे

- अनुदान सम्बन्धी सुझाव...................................................

-अनुदानबाट प्राप्त आम्दानी .......................................................

-अनुदानबाट प्राप्त सन्तुष्टि.............. धेरै......... ठिक्क .........कम.................

(यो नमूना मात्र हो, विभिन्न समूह तथा व्यक्तिसँग अन्तवार्ता तथा सूचना संकलन गर्दा परमर्शदाताले करार पूर्ण विवरण तयार पारी अध्ययन गर्ने छन)।

आज्ञाले

कमल बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत